# कर्णाली प्रदेश अन्तरगत संचालन हुने अस्पताल व्यवस्थापन समिति (गठन)

# आदेश, २०७५

**प्रस्तावनाः** कर्णाली प्रदेश मातहत संचालन हुने अस्पताल र आयुर्वेदिक औषधालयहरुको संचालन तथा व्यवस्थापनका लागि ब्यवस्थापन समिति गठन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो आदेश जारी गरेको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस आदेशको नाम "अस्पताल व्यवस्थापन समिति (गठन) आदेश, २०७५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) **"अध्यक्ष"** भन्नाले दफा ३, ५ र ७ बमोजिमको समितिका अध्यक्ष सम्झनुपर्छ ।

(ख) **"आयुर्वेद औषधालय"** भन्नाले नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण गरिएका दफा १३ बमोजिमका आयुर्वेद औषधालय सम्झनु पर्दछ । सो शव्दले प्रदेश सरकारबाट स्थापना हुने आयुर्वेद औषधालय तथा आयुर्वेद अस्पताललाई समेत जनाउँछ ।

(ग) **"जिल्ला अस्पताल"** भन्नाले नेपाल सरकारबाट हस्तान्तरण गरिएका दफा १२ वमोजिमका जिल्ला स्तरका अस्पताल सम्झनुपर्छ र सो शव्दले प्रदेश सरकारले जिल्ला स्तरको भनि तोकिदिएका अस्पताल समेतलाई जनाउँछ ।

(घ) **"प्रदेश अस्पताल"** भन्नाले नेपाल सरकारबाट हस्तान्तरण भएका प्रदेश राजधानी सुर्खेतमा अवस्थित साविकको क्षेत्रीय अस्पताललाई सम्झनुपर्छ ।

(ङ) **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष र समितिको सदस्य सचिव समेतलाई जनाउँछ ।

(च) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित प्रदेश अस्पताल व्यवस्थापन समिति सम्झनुपर्छ र सो शब्दले दफा ५ बमोजिम गठित जिल्ला अस्पताल व्यवस्थापन समिति र दफा ७ बमोजिम गठित आयुर्वेद औषधालय व्यवस्थापन समिति समेतलाई जनाउँछ ।

३. **<u>प्रदेश अस्पताल व्यवस्थापन समितिको गठनः</u>** (१) प्रदेश अस्पताललाई व्यवस्थित रुपमा संचालन गर्न एक प्रदेश अस्पताल व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछनः

| | |
|---|---|
| (क) प्रदेश सरकारबाट मनोनीत व्यक्ति | -अध्यक्ष |
| (ख) निर्देशक, स्वास्थ्य निर्देशनालय | -सदस्य |
| (ग) नगर प्रमुख/अध्यक्ष, अस्पताल रहेको स्थानीय तह | -सदस्य |
| (घ) प्रदेश सरकारबाट मनोनीत महिला एक जना | -सदस्य |
| (ङ) स्वास्थ्य महाशाखा प्रमुख, समाजिक विकास मन्त्रालय, सुर्खेत | -सदस्य |
| (च) नर्सिङ्ग इन्चार्ज, प्रदेश अस्पताल | -सदस्य |
| (छ) मेडिकल सुपरिटेन्डेन्ट, प्रदेश अस्पताल | -सदस्य- सचिव |

४. **<u>प्रदेश अस्पताल व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेश अस्पतालको व्यवस्थापन र संचालन गर्ने,

(ख) प्रदेश अस्पतालको विकासका लागि अल्पकालिन तथा दिर्घकालिन योजना तर्जुमा गर्ने गराउने,

(ग) प्रदेश अस्पतालको व्यवस्थापन र संचालनको लागि आवश्यक मानवीय स्रोत र साधन जुटाउने,

(घ) प्रदेश अस्पतालको बजेट स्वीकृत गर्ने,

(ङ) प्रदेश अस्पतालको सेवा शुल्क निर्धारण गर्ने,

(च) प्रदेश अस्पतालको भौतिक सम्पतिको संरक्षण तथा मर्मत संभार गर्ने,

(छ) नेपाल सरकार र प्रदेश सरकारको स्वीकृति लिई अन्तराष्ट्रिय संघ संस्थाबाट सहायता प्राप्त गर्ने,

(ज) गरिब तथा असहाय बिरामीहरुको निशुःल्क तथा सहुलियत दरमा उपचार उपलब्ध गराउने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्न व्यवस्था मिलाउने,

(झ) अस्पतालमा संचालन हुने फार्मेसीको संचालनलाई व्यवस्थित गर्ने,

(ञ) अस्पताललाई आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको आपुर्तिलाई नियमित तथा प्रभावकारी बनाउने,

(ट) अस्पतालमा एम्बुलेन्स तथा शव वाहनको व्यवस्था मिलाइ संचालन गर्ने,

(ठ) प्रदेशको रेफरल अस्पतालको रुपमा अन्य अस्पताल तथा स्वास्थ्य केन्द्रमा विशेषज्ञ सेवाको लागि सहयोग पुर्याउने,

(ड) समिति तर्फका कर्मचारीको व्यवस्थापनका लागि कर्मचारी प्रशासन विनियमावली तथा आर्थिक प्रशासन विनियमावली बनाउने,

(ढ) स्वास्थ्य सेवा संचालनका लागि आवश्यक अन्य कार्यहरु गर्ने,

(ण) प्रदेश अस्पतालको बार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्ने ।

(२) समितिलाई दफा १६ बमोजिम प्राप्त हुने स्रोतबाट अस्पतालको सेवा गुणस्तरीय तथा प्रभाकारी बनाई प्रदेश अस्पतालको दिगो विकास गर्नु प्रदेश अस्पताल व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

५. **<u>अस्पताल व्यवस्थापन समितिको गठनः</u>** जिल्लास्तरका अस्पताललाई व्यवस्थित रुपमा संचालन गर्न प्रत्येक जिल्लामा जिल्ला अस्पताल व्यवस्थापन समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रदेश सरकारबाट मनोनित व्यक्ति | -अध्यक्ष |
| (ख) | नगर प्रमुख/ अध्यक्ष, अस्पताल रहेको स्थानीय तह | -सदस्य |
| (ग) | प्रतिनिधि, जिल्ला समन्वय समिति | -सदस्य |
| (घ) | समितिले मनोनित गरेको स्वास्थ्य सेवामा अनुभव प्राप्त महिला एक जना | -सदस्य |
| (ङ) | सभापति, उद्योग वाणिज्य संघ | -सदस्य |
| (च) | प्रमुख, जिल्ला स्वास्थ्य कार्यालयका | -सदस्य |
| (छ) | नर्सिङ्ग इन्चार्ज, सम्बन्धित अस्पताल | -सदस्य |
| (ज) | मेडिकल सुपरिटेन्डेन्ट, सम्बन्धित अस्पताल | -सदस्य सचिव |

६. **<u>अस्पताल व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अस्पतालको व्यवस्थापन र संचालन गर्ने,

(ख) अस्पताल विकासका लागि अल्पकालिन तथा दिर्घकालिन योजना तर्जुमा गर्ने, गराउने ।

(ग) अस्पताल व्यवस्थापन र संचालनको लागि आवश्यक स्रोत तथा साधन जुटाउने,

(घ) अस्पतालको बजेट स्वीकृत गर्ने,

(ङ) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने,

(च) अस्पतालमा संचालन हुने फार्मेसीलाई व्यवस्थित गर्ने,

(छ) अस्पतालमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको आपूर्तिलाई नियमित तथा प्रभावकारी बनाउने,

(ज) अस्पतालको भौतिक सम्पतिको संरक्षण तथा मर्मत संभार गर्ने,

(झ) अस्पतालमा रहेका एम्वुलेन्स तथा शव वहानको व्यवस्था मिलाउन संचालन गर्ने,

(ञ) समिति तर्फका कर्मचारीका लागि प्रशासन विनियमावली तथा आर्थिक प्रशासन विनियमावली बनाउने,

(ट) अस्पतालको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्ने,

(ठ) स्वास्थ्य सेवा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने,

(२) समितिलाई दफा १६ बमोजिम प्राप्त हुने स्रोतबाट अस्पतालको सेवा गुणस्तरीय तथा प्रभाकारी बनाई अस्पतालको दिगो विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

७. <u>**आयुर्वेद औषधालय व्यवस्थापन समितिको गठनः**</u> (१) आयुर्वेद उपचार पद्धतिलाई प्रवर्धन गरी आयुर्वेद औषधालयको सेवालाई व्यवस्थित तथा प्रभावकारी ढंगले संचालन गर्न प्रत्येक आयुर्वेद औषधालयमा आयुर्वेद औषधालय व्यवस्थापन समिति गठन गरिनेछः-

(२) उपदफा १ बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन ।

| | | |
|---|---|---|
| (क) | प्रदेश सरकारबाट मनोनित व्यक्ति | अध्यक्ष |
| (ख) | नगर प्रमुख/ अध्यक्ष औषधालय रहेको स्थानीय तह | सदस्य |
| (ग) | प्रतिनिधि, जिल्ला समन्वय समिति | सदस्य |
| (घ) | समितिले मनोनित गरेको स्वास्थ्य सेवामा अनुभव प्राप्त महिला एक जना | सदस्य |
| (ङ) | सभापति, उद्योग वणिज्य संघ | सदस्य |
| (च) | प्रमुख, स्वास्थ्य कार्यालयका | सदस्य |
| (छ) | प्रमुख, आयुर्वेद औषधालय | सदस्य-सचिव |

८.	**<u>आयुर्वेद औषधालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) औषधालयको व्यवस्थापन तथा संचालन गर्ने,

(ख) औषधालयको विकासका लागि अल्पकालिन तथा दिर्घकालिन योजना तर्जुमा गर्ने, गराउने,

(ग) औषधालय व्यवस्थापन तथा संचालनको लागि आवश्यक स्रोत तथा साधन जुटाउने,

(घ) आयुर्वेद औषधी उत्पादन गर्ने व्यवस्था मिलाउने,

(ङ) औषधीजन्य जडीवुटीहरुको पहिचान गर्ने र त्यसको उत्पादनमा सहयोग पुरयाउने,

(च) औषधालयको बजेट स्वीकृत गर्ने,

(छ) औषधालयको सेवा शुल्क निर्धारण गर्ने,

(ज) औषधालयको भौतिक सम्पतिको संरक्षण तथा मर्मत संभार गर्ने,

(झ) औषधालयको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्ने,

(ण) आयुर्वेद उपचार विधिको प्रवर्धन सम्वन्धी आवश्यक अन्य कार्यहरु गर्ने,

(२) दफा १६ बमोजिम प्राप्त हुने स्रोतबाट औषधालयको सेवा गुणस्तरिय तथा प्रभावकारी बनाइ दिगो विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

९.	**<u>अध्यक्ष तथा सदस्यको योग्यताः</u>** (१) दफा ३, ५ र ७ बमोजिमका समितिका अध्यक्षको योग्यता देहाय बमोजिम हुनेछः-

(क) प्रदेश अस्पतालको लागि कम्तिमा स्नातक वा सो सरह एवंम जिल्ला अस्पताल र आयुर्वेद औषधालयको लागि कम्तिमा प्रमाण-पत्र तह वा सो सरह उत्तिर्ण गरेको,

(ख) प्रदेश अस्पतालका लागि कम्तिमा ३५ वर्ष र अन्यको लागि ३० वर्ष उमेर पुरा भएको,

(ग) वहालवाला सरकारी कर्मचारी नभएको,

(घ) कुनै फौजदारी अभियोग नलागेको,

(ङ) कर्णाली प्रदेशमा बसोवास गर्ने नेपाली नागरिक भएको,

(२) दफा ३, ५ र ७ बमोजिमका समितिमा मनोनय हुने सदस्यहरुको योग्यता देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित स्वास्थ्य सेवामा कम्तीमा  तीन वर्ष काम गरेको,

(ख) सम्बन्धित स्थानमा बसोवास गरेको,

(ग) कुनै फौजदारी अभियोग नलागेको,

(घ) वहालवाला कर्मचारी नभएको ।

१०. **समितिका सदस्यहरुको पदावधिः** अध्यक्ष तथा मनोनित सदस्यको पदावधी २ वर्षको हुनेछ र निजहरु पुनः अर्को एक अवधिको लागि मनोनीत हुन सक्नेछन

११. **समितिका अध्यक्ष तथा सदस्यहरुको पद रिक्तः** नियुक्त अध्यक्ष तथा सदस्यको कार्य जिम्मेवारी सन्तोषजनक नभएमा र प्रदेश सरकारको हित विपरित कार्य गरेमा प्रदेश सरकारले पदबाट हटाउन सक्नेछ । तर त्यसरी पद मुक्त गर्दा निजलाई उचित सफाइको मौका प्रदान गरिनेछ ।

१२. **जिल्ला स्तरका अस्पतालः** जिल्ला स्तरका अस्पताल अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछन ।

१३. **आयुर्वेद औषधालयः** प्रदेशमा रहने आयुर्वेद औषधालय अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछन ।

१४. **कर्मचारी सम्बन्धि व्यवस्थाः-** (१) प्रदेश अस्पताल, जिल्ला अस्पताल वा आयुर्वेद औषधालयको आवश्यकता र स्रोत साधनको परिधि भित्र रहि समितिले कर्मचारी व्यवस्थापन गर्न सक्नेछ ।

(२) समिति अन्तरगत रहेन कर्मचारीको नियुक्ती, पारिश्रमिक, सेवाका शर्त तथा सुविधा समितिले बनाएको कर्मचारी प्रशासन विनियमावलीमा उल्लेख भए बमोजिम हुनेछ । यस्तो सेवा सुविधा समितिको आफ्नै स्रोत र कोषबाट उपलब्ध गराइने छ।

१५. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक समितिको अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) समितिको एक तिहाई सदस्यहरुले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य सचिवले समितिको अध्यक्षलाई जानकारी दिई बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिका जेष्ठ सदस्यले अध्यक्षता गर्ने गरि सदस्य सचिवले समितिको बैठक आवश्यकता अनुसार बोलाउन सक्नेछ ।

(४) समितिको बैठकको कूल सदस्यको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय समितिको सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक बस्नेछ ।

(८) समितिले आवश्यक देखेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिका सदस्यहरुले नियमानुसार बैठक भत्ता पाउनेछन। त्यस्तो बैठक भत्ता मासिक रुपमा बढीमा दुई वटा मात्र हुनेछ ।

(१०) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्ने सक्नेछ ।

१६. **समितिको कोषः** (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

(२) उप दफा १ बमोजिमको कोषमा देहायका रकमहरु रहनेछनः-

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट अस्पताल संचालनको लागि प्राप्त रकम,

(ख) अस्पतालले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम,

(ग) दातृ संस्था वा दाताहरुबाट प्राप्त हुने रकम,

(घ) अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) समितिको कोषमा जम्मा भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले तोकेको सरकारी कारोवार गर्ने बैंकमा खाता खोली राख्नु पर्नेछ ।

(४) समितिको खर्च उप दफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) कुनै विदेशी सरकार वा अन्तराष्ट्रिय संस्थाबाट रकम प्राप्त गर्नु अघि नेपाल सरकार र प्रदेश सरकारको स्वीकृती लिनुपर्नेछ ।

(६) नेपाल सरकार तथा प्रदेश सरकार वा विदेशी सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रमको लागि रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रममा खर्च गर्नुपर्नेछ ।

(७) कोषको खाता संचालन समितिका सदस्य-सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुने छ।

१७. **लेखा र लेखापरिक्षणः** (१) समितिको आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखापरिक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

१८. **अधिकार प्रत्यायोजनः** समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

१९. **प्रदेश सरकारसँग सम्पर्कः** समितिले प्रदेश सरकारसँग सम्पर्क गर्दा सामाजिक विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२०. **निर्देशन दिनेः** प्रदेश सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२१. **<u>नियम बनाउन सक्ने:</u>** समितिले आफ्नो कार्य संचालनका लागि कर्मचारी प्रशासन विनियमावली, आर्थिक प्रशासन विनियमावली लगायत अन्य विनियमावली बनाउन सक्नेछ तर त्यस्तो विनियमावली प्रदेश सरकारबाट स्वीकृत भएपछि मात्र लागु हुनेछ ।

२२. **<u>खारेजी तथा बचाउः</u>** (१) सामाजिक विकास मन्त्रालयबाट मिति २०७५।५।१० मा गठन गरिएको तदर्थ समिति खारेज गरिएको छ ।

(२) समितिका नामबाट भए गरेका काम कारवाही यसै आदेश बमोजिम भएको मानिनेछ ।

## अनूसूचि -१
## (दफा १२ सँग सम्बन्धित)
## जिल्ला अस्पताल

| क.स. | अस्पतालको नाम | जिल्ला |
|---|---|---|
| १. | जिल्ला अस्पताल | सल्यान |
| २. | जिल्ला अस्पताल | मुगु |
| ३ | जिल्ला अस्पताल | डोल्पा |
| ४ | जिल्ला अस्पताल | हुम्ला |
| ५. | जिल्ला अस्पताल | कालिकोट |
| ६. | जिल्ला अस्पताल | दैलेख |
| ७. | जिल्ला अस्पताल | जाजरकोट |
| ८. | जिल्ला अस्पताल | रुकुम (पश्चिम) |
| ९. | मेहलकुना अस्पताल | सुर्खेत |

**अनूसूचि -२**

**(दफा १३ सँग सम्बन्धित)**

**आयुर्वेद औषधालय**

| **क्र.स.** | **आयुर्वेद औषधालयको नाम** | **जिल्ला** |
|---|---|---|
| १. | आयुर्वेद औषधालय | सुर्खेत |
| २. | आयुर्वेद औषधालय | जुम्ला |